**Far Western Review**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9019
Published by Far Western University
Mahendranagar, Nepal

# सुकरातको डायरी उपन्यासमा विधामिश्रण

**खगेन्द्र जोशी**
उपप्राध्यापक, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, सुदूरपश्चिम विश्वविद्यालय
कञ्चनपुर, नेपाल
Email: khj.joshi@gmail.com

## सार

प्रस्तुत अध्ययनपत्रमा उपन्यासकार गोविन्दराज भट्टराईद्वारा प्रणीत सुकरातको डायरी उपन्यासमा विधामिश्रणको अध्ययन गरिएको छ ।नेपाली साहित्यका फाँटमा उत्तर आधुनिकतालाई स्थापित गर्न अहोरात्र लागिरहेका भट्टराईका पछिल्ला आख्यानात्मक कृतिहरू पनि उत्तरआधुनिकतावादकै आलोकमा संरचित छन् । उत्तरआधुनिकतावादका अनेकौं विशेषताहरू छन् र त्यसमध्ये विद्यामिश्रणको अवधारणा पनि एक हो । यो अवधारणा सैद्धान्तिक रूपमा विनिर्माणवादी दर्शनमा आधारित छ ।यस अध्ययनमा सुकरातको डायरी उपन्यासमा विधामिश्रणको स्थिति केकस्तो छ भन्ने कुराको खोजी गर्ने काम भएको छ ।प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएको हुनाले अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालय कार्यबाठ नै सङ्कलन गरिएको छरशोध्य प्रश्नको समाधानार्थ विधामिश्रण र त्यसको सैद्धान्तिक आधारका रूपमा रहेको विनिर्माणवाद अनि यी सबैको छाता सिद्धान्त उत्यरआधुनिकतावादलाई सैद्धान्तिक विश्लेषणको आधार बनाइएको छ ।सङ्कलित सामग्री विश्लेषणका लागि व्यख्यात्मक तथा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ ।उपन्यासले पूर्ण रूपमा उत्तरआधुनिकतावादको अनुसरण गरेको हुनाले कृतिलाई उपन्यास नामले चिनिए पनि कृतिमा आख्यानविधाका प्रध्यान्यतामा साहित्यका अन्य विधाहरू पनि आफ्ना विधागत वैशिष्टयका साथमा आख्यानभित्र मिसिएर आएका छन् । प्रस्तुत आख्यानात्मक कृतिमा पनि निबन्ध (निबन्धका अन्य उपविधासहित), समालोचना, नाटक र कविता विधाको मिश्रण गरिएको छरउपन्यासलाई उपन्यासभन्दा पनि खुला पाठको रूप दिन खोजिएको छ ।

***प्रमुख पद/पदावली :*** उत्तरआधुनिकतावाद, विनिर्माणवाद, विधाभञ्जन, विधाविघटन

*Copyright 2024 © Author(s)* *This open access article is distributed under a* ***Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License***

## विषयपरिचय

प्रस्तुत अध्ययनपत्र गोविन्दराज भट्टराईको सुकरातको डायरी उपन्यासमा विधामिश्रण अध्ययन विषयमा केन्द्रित छ ।यस अध्ययनमा सुकरातको डायरी उपन्यासमा विधामिश्रणको स्थिति केकस्तो छ भन्ने कुराको खोजी गर्ने काम भएको छ ।यो अध्ययनपत्र गोविन्दराज भट्टर ाई, सुकरातको डायरी उपन्यास र त्यस उपन्यासमा विधामिश्रणसँग सम्बद्ध हुनाले विषयपरि चयका क्रममा यिनै तिन पक्षहरूको चिनारी दिनु आवश्यक देखिन्छ ।

गोविन्दराज भट्टराई(वि.सं.२०१०) लामो समयसम्म त्रिभुवन विश्वविद्यालयमा अङ्गे जी विषयको प्राध्यापन कर्मसँगै समानान्तर रूपमा सिर्जना र समालोचनामा पनि सङ् लग्न रहँदै आएका बहुमुखी प्रतिभा हुन् । भट्टराईका मुगलान (२०३१), मणिपुरको चिट्ठी (२०३४), सुकरातका पाइला (२०६२) र सुकरातको डायरी (२०६८) गरी चारवटा औ पन्यासिक कृतिहरू प्रकाशित छन् । उपन्यासका अतिरिक्त कथा, कविता, निबन्ध, समालो चना र अनुवादमा पनि उनको उल्लेखनीय योगदान रहँदै आएको छ ।उनले समालोचनाका क्षे त्रमा उत्तरआधुनिकतासम्बन्धी सिद्धान्तलाई नेपाली पाठकमाझ चिनाउने, उत्तरआधुनिकताका पक्षमा वकालत गर्ने कामका साथै उत्तरआधुनिकताको प्रयोग गरेर सिर्जना र सालोचना गर्ने कार्यमा पनि अग्रणी भूमिका निर्वाह गरेका छन । उत्तरआधुनिक चिन्तनका आलोकमा सिर्जन कार्यमा सक्रिय भट्टराई उपन्यासमा पनि परम्पराभिन्न नवीन प्रवृत्तिको प्रयोगतिर प्रवृत दे खिन्छन् । विधाभञ्जन, विधामिश्रण, विशृङ्खलता र अन्तःपाठीयता उनका पछिल्ला उपन्यासमा पाइने प्रमुख वैशिष्ट्य हुन् । उपन्यासशास्त्रका परम्परागत मान्यताको अतिक्रमणले उनका उपन्यासहरू अउपन्यास बन्न पुगेका छन् भने आख्यान र समालोचनाशास्त्रको समिश्रणले ती अधिउपन्यास बन्न पुगेका छन् ।

सुकरातको डायरी (२०६८) गोविन्दराज भट्टराईको कुशलतापूर्वक उत्तरआधुनिक चिन्तनको प्रयोग गरिएको नवीन ढाँचाको औपन्यासिक कृति हो। त्रि।वि।मा प्राध्यापनरत उपन्यासको प्रमुख पात्र सुकरातको दैनिकीलेखनसँगै उपन्यास पनि सुरु हुन्छ । ग्रिसयात्रामा रहँदा नियात्रा लेखन र नीलिमासँगको विद्युतीय पत्राचारकै क्रममा सुकरातको अनन्तसँग भर्चुअल भेटपछि गुरु शिष्यका बिचमा आख्यान लेखनबारे भएका छलफलहरूले उपन्यासलाई गति दिएको छ । सुकरातले अनन्तलाई आख्यानशास्त्रको शास्त्रीय पक्षको जानकारी दिने क्रममा थुप्रै विश्वप्रसिद्ध आख्यानकार र तिनका आख्यानको समीक्षा पनि गरेको छ ।सुकर ातको कुराबाट प्रेरित भएर अनन्त आफ्नी प्रेमिका पूर्णिमालाई प्रमुख पात्र बनाएर आफ्नै अतीतानुभूतिमा आधारित आख्यान लेख्न चाहन्छ ।त्यही क्रममा उसले गुरुपत्नी नीलिमालाई भट्छ ।नीलिमा अनन्तलाई सुकरातको सल्लाहअनुसार आख्यान लेख्दा परम्परित ढर्राको हुने भएकाले उत्तरआधुनिकतालाई आत्मसात गरी आख्यान लेख्नुपर्ने सल्लाह दिन्छे ।त्यसपछि अनन्तको नीलिमासँग निकटता बढ्दै जान्छरऊ नीलिमालाई नै प्रमुख पात्र बनाएर उपन्यास लेख्न खोज्छ तर सुरु गर्नै सकिरहेको हुँदैन। अन्तमा सुकरात, नीलिमा, अनन्त र पूर्णिमा र ङ्गमञ्चमा देखिन्छन् र नीलिमाले दर्शकसामु सुकरातको डायरी नामक प्रस्तावित उपन्यासको विषयवस्तुबारे बताउँछे ।यसरी सुकरातको डायरी नामक कृति मूलतः आख्यानात्मक भए पनि यसमा साहित्यशास्त्र, सालोचना, निबन्ध, नाटक र कविता विधालाई पनि मिसमास पारि एको छ । उपन्यास लेख्दाका लेखकीय अनुभूति, पाठक प्रतिक्रिया, समालोचना, मनोवाद,

साहित्यकारका अन्तर्वार्ता, सन्दर्भग्रन्थसूचीसमेत समावेश गरी आख्यानभित्र साहित्यिक तथा साहित्येतर अन्य विधा पनि मिश्रण गरिएकाले प्रस्तुत कृति विधामिश्रणको अध्ययनका लागि उपयुक्त देखिन्छ ।

दुई वा दुईभन्दा बढी विधाका गुणहरू मिसिएर एउटा पाठ तयार भएमा त्यसमा विधामिश्रण भएको मानिन्छ ।संरनावादले साहित्यिक कृतिलाई एउटा संरनाका रूपमा हे र्दछ ।कुनै पनि साहित्यिक रचनाको निर्माण गर्ने संरचक घटकको प्रकृति, अभिव्यक्ति शैली तथा त्यसमा रहेको सौन्दर्यानुभूति र आग्रहको मात्रका आधारमा साहित्यिक रचनाहरूलाई कविता, नाटक, आख्यान र निबन्ध गरी मुख्य रूपमा चार विधामा वर्गिकरण गरिएको पाइन्छ ।साहित्यका प्रमुख विधाका रूपमा रहेका कविता, नाटक, आख्यान(कथा र उपन्यास) र निबन्धमध्ये कुनै एक प्रधान विधाका रूपमा रही त्यसमा अरू विधाहरूको गौण रूपमा समाविष्टिसहित कृतिको रचना गरिएमा त्यस्ता कृतिरपाठमा विधामिश्रण भएको मानिन्छ ।विधामिश्रण विधाभञ्जनको परिणति हो भने यिनको सैद्धान्तिक आधार उत्तरआधुनिकतावादी छाता चिन्तनभित्रको विनिर्माणवाद हो। विनिर्माणवादले परम्परागत विधा मान्यतालाई भत्काएर साहित्यिक रचनालाई विधागत आधारमा वर्गीकरण नगरी एउटा पाठका रूपमा हेर्नुपर्ने मान्यता राख्छ ।

## समस्याकथन

प्रस्तुत अध्ययन उपन्यासकार गोविन्दराज भट्टराईको सुकरातको डायरी उपन्यासमा विधामिश्रणसम्बन्धी अध्ययनमा केन्द्रित रहेको छ ।यो उपन्यास उत्तरआधुनिकतावादी तथा विनिर्मानवादी चिन्तनलाई आत्मसात गर्दै लेखिएको छ ।यसले उपन्यस लेखनसम्बन्धी परम्पर ागत मान्यतालाई भत्काएको छरविधासिद्धान्तलाई अतिक्रमण गरेको छ ।कृतिलाई उपन्यास भनिए पनि त्यसमा साहित्यका निबन्ध, नाटक र कविता विधाका गुणहरू पनि मिसिएर आएका छन् । यसरी आख्यानभित्र अन्य विधालाई पनि मिसाइएको हुनाले सुकरातको डायरी उपन्यासमा विधामिश्रण मूल समस्यासँग सम्बन्धित यस अध्ययनका सोध्यप्रश्नहरू यस प्रकार छन् :

क) सुकरातको डायरी आख्यानमा निबन्ध र समालोचनाको विधामिश्रण केकसरी भएको छ?
ख) सुकरातको डायरी आख्यानमा नाटक र कविताको विधामिश्रण केकसरी भएको छ?

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य उपन्यासकार गोविन्दराज भट्टराईको सुकरातको डायरी उपन्यासमा विधामिश्रणसम्बद्ध सोध्यप्रश्नहरूले उठाएका जिज्ञासाको शमन गर्नतिर नै उन्मुख रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनबाट परिणाममुखी निष्कर्ष निकाल्नका लागि आवश्यक सामग्री सङ्कलन गर्न र सङ्कलित सामग्रिको विश्लेषण गर्नकालागि अपनाइएका विधिहरू यसप्रकार छन् :

## सामग्री सङ्कलनविधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएको हुनाले अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालय कार्यबाट नै सङ्कलन गरिएको छ । अध्ययनलाई अगाडि बढाउने

क्रममा उपन्यासकार गोविन्दराज भट्टराईको सुकरातको डायरी उपन्यासलाई मुख्य आधार सामग्रीका रूपमा लिई प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।अध्ययनको केन्द्रीय विषयका रूपमा रहेको विधामिश्रणसँग सम्बद्ध सैद्धान्तिक पक्षको अध्ययनका लागि विधामिश्रणका बारेमा चर्चा गरिएका विभिन्न पुस्तकहरूका साथै सुकरातको डायरी उपन्यासका बारेमा टीकाटिप्पणी गरी लेखिएका पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गर्दै सामग्री सङ्कलन गरिएको छ ।

## सामग्री विश्लेषणविधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको हुनाले शोध्य प्रश्नको समाधानार्थ विधामिश्रण, विनिर्माणवाद तथा उत्तरआधुनिक चिन्तनसँग सम्बद्ध सैद्धान्तिक पक्षलाई अध्ययनको आधार बनाई सङ्कलित सामग्रीलाई व्यख्यात्मक तथा पाठविश्लेषण विधिबाट विश्लेषणका गरिएको छ।

## अध्ययनका परिसीमा

गोविन्दराज भट्टराईद्वारा प्रणीत सुकरातको डायरी उपन्यास उत्तरआधुनिकतावादी चिन्तनलाई पूर्ण रूपमा आत्मसात गरी रचना गरिएको कृति हो। विधासम्बन्धी परम्परागत स्थापनालाई विनिर्माण गरी रचना गरिएको यस कृतिमा अनेक साहित्यिक तथा साहित्येतर विधाको मिश्रण गरिएको भए पनि प्रस्तुत अध्ययन यस आख्यानात्मक कृतिमा समालोचना, निबन्ध, नाटक र कविताको विधामिश्रणसँग मात्र परिसीमित रहेको छ ।

## सैद्धान्तिक पर्याधार

उत्तरवर्ती समयमा अन्य क्षेत्रमा जस्तै साहित्य सिर्जना र समालोचनाका क्षेत्रमा पनि नवीन चिन्तनहरू देखा परेका छन् । तिनमा विधामिश्रण पनि एक हो। यो उत्तर आधुनिक बहुलवादी चिन्तनको उपज हो र यसको दार्शनिक आधार डेरिडेली विनिर्माणवाद हो। विधामिश्रणको सम्बन्ध उत्तरआधुनिकतावाद र त्यसको आत्माका रूपमा रहेको विनिर्माणवादसँग रहेको हुनाले विधामिश्रणका बारेमा चर्चा गर्नुपूर्व उत्तरआधुनितावाद र विनिर्माणवादबारे पनि सङ्क्षेपमा चर्चा गर्नु वाञ्छनीय हुनाले यहाँ त्यसबारेमा सङ्क्षेपमा चर्चा गरिन्छ :

## उत्तरआधुनिकतावाद

उत्तरआधुनिकतावाद जीवन र जगत्का सम्पूर्ण क्षेत्रलाई प्रभावित गर्न सफल निकै विस्तृत र विवादास्पद चिन्तनका रूपमा देखा परेको छ ।यो यही हो भन्ने कुरामा विद्वान्हरूका बिचमा मतैक्यता पाइँदैन। कतिपय चिन्तकहरूले यसलाई छुट्टै वाद वा चिन्तनका रूपमा नलिएर आधुनिकताकै उत्तरवती खण्डका रूपमा पनि लिएको पाइन्छ तर उत्तर आधुनिकताका केही प्रवृत्तिहरू आधुनिकतासँग मिले पनि यसलाई स्वतन्त्र चिन्तनका रूपमा चिनाउने धेरै विशिष्टता छन् । त्यसैले उत्तरआधुनिकतावादलाई आधुनिकतावादकै निरन्तरता नमानी आधुनिकतावादको व्यतिरेकमा रहेको र त्यसबाट विच्छेदित चिन्तनका रूपमा पनि चिनिन्छ ।यसलाई कोही उदारवादी, कोही रूढिवादी त कोही नवरूढिवादी चिन्तनका रूपमा हेर्छन यसरी यसप्रतिको भिन्नभिन्न व्यक्तिको भिन्नभिन्न हेराइ र बुझाइ नै यसको वैशिष्ट्य हो भन्न सकिन्छ।माइक फिदर स्टोनले यस शब्द(उत्तरआधुनिकता)को कुनै अर्थ छैन, यसको जति चाहन्छौ त्यति प्रयोग गर भनेझैँ उत्तरआधुनिकताको व्यापकतम प्रयोग भएको

पाइन्छ (शर्मा,२०५५, पृ.१६)। उत्तरआधुनिकतावाद एउटा ठुलो छाता हो र यसको मुनितिर विनिर्माणवाद, उत्तरसंसचनावाद, नव्यव्यवहारिकता वाद, नारीवाद, नवइतिहासवाद उत्तर मार्क्सवादजस्ता अनेकौँ चिन्तनहरू ओत लिएर बसेका छन् । उत्तरआधुनिकताको वैचारिक पक्ष र विकासको पृष्ठभूमि आफैमा विविधतायुक्त छ (बराल,२०६३, पृ.२७)। विकेन्द्रण, बहुलता आदि विशेषताको समष्टि नाम उत्तरआधुनिकतावाद हो। यसले कुनै एउटालाई मात्र केन्द्र नमानी बहुकेन्द्रको अवधारणा स्विकार्छ। उत्तरआधुनिकतावादलाई कुनै एउटा विचार, विषय, क्षेत्र, आयाम, केन्द्रविशेषसँग सम्बद्ध विषय नमानी उत्तरवर्ती समयको विविधतायुक्त चेतनाको समष्टिका रूपमा स्वीकार गर्नुपर्ने हुन्छ ।समग्रमा उत्तरआधुनिकतावादलाई आधुनिकताबाट प्रायस् विच्छेदित बहुत्ववादी र अनिश्चयात्मक एवम् विनिर्माणसँग सम्बद्ध अवधारणाका रूपमा मानिन्छ (गौतम,२०७०, पृ.९) ।

उत्तरआधुनिकतावादसम्बन्धी विभिन्न विवादका बाबजुद पनि सन् १९६०पछि उत्तर आधुनिकताले आफ्नो प्रभाव देखाउन थालेको पाइन्छ ।मूलतः दुई ठुला युद्धहरूका कारण संसारभर देखिएको चरम निराशा तथा नित्सेको ईश्वर मृत्युको घोषणाले भत्काएको महाकेन्द्रका पृष्ठभूमिमा उत्तरआधुनिक चिन्तनलाई हुर्किने मौका मिलेको देखिन्छ ।विश्वभर बढ्दो सहरीकरणले जन्माएको चरम उपभोक्तावादी संस्कृति अनि त्यसलाई सहयोग गरिरहेको साइबर संस्कृति पनि उत्तरआधिकताका आधार हुन् भन्न सकिन्छ ।हाल आएर यसले संसार भरि नै सबै क्षेत्रमा प्रभाव पारिरहेको भए पनि यहाँ मूलतः साहित्यिक सन्दर्भमा सीमित रहेर यसबारे चर्चा गर्नु वाञ्छनीय हुन्छ ।

साहित्यिक क्षेत्रका कुरा गर्दा केन्द्रको विघटन वा केन्द्र भञ्जन, विधा मिश्रण तथा विधा भञ्जन, शब्दकेन्द्रवादलाई अमान्य मान्नु अथवा शब्दको निश्चित अर्थलाई मात्र स्वीकार नगर्नु, महाख्यानको अन्त्य, बहुलताको प्रयोग, विनिर्माण, लेखकको मृत्युको अवधारणा, भूमण्डलीकरण, साइबर संस्कृतिको प्रयोग, स्वैर कल्पना, सीमान्तकृतहरूको नायकीपन, उपभोक्तावादी प्रवृत्तिको चित्रण, स्थानीय रङ्ग, डायस्पोरिक लेखन, अभिघात चेतना, सन्दिग्धताको मान्यता, पर्यावरणीय चेतना, रहस्यात्मकता जस्ता विषयले उत्तरआधुनिकताका मूल प्रवृत्तिको पहिचान गराएको पाइन्छ ।विनिर्माणवादलाई उत्तरआधुनिकतावादको आत्माका रूपमा लिइन्छ ।

**विनिर्माणवाद**

विनिर्माणवादी चिन्तनका प्रवर्तक फ्रान्सेली चिन्तक ज्याक डेरिडा हुन विनिर्माणवाद कुनै संरचनालाई फरक किसिमले निर्माण गर्न सकिने, फरक दिशाबाट हेर्न सकिने, यो भनेको यही हो भनी ठोकुवा गर्न नसकिने मान्यता राख्दछ ।विनिर्माणवाद संरचनावादको व्यतिरेकमा आएको चिन्तन हो। संरचनावादले कुनै सङ्केतले कुनै निश्चित कुरालाई बुझाउने मान्यता राख्दछ तर विनिर्माणवाद कुनै सङ्केतले कुनै निश्चित कुरालाई मात्र बुझाउँदैन भन्ने मान्यता राख्दछ।डेरिडाले कुनै पनि पाठको अर्थ निश्चित रूपमा यही हो भनेर ठोकुवा गर्न नसकिने र एउटै पाठका अनेक अर्थ लाग्न सक्ने कुरा गरेका छ न् । विधासम्बन्धी परम्परागत स्थापनालाई भत्काएर स्थापित विधाका कृतिलाई खण्डीकरण गरी भत्काउनु विनिर्माण हो(गौतम, २०७०, पृ.३८)। यो संरचनावादको विपरीत देखिन्छ ।संरचनावादले कुनै पनि संरचनाका केही निश्चित संरचक घटक हुने र तिनै संरचक घटकको समन्वयबाट संरचनाको निर्माण हुने हुनाले ती घटकहरूले संरचनालाई विशिष्ट बनाउने मान्यता राख्द छ तर

विनिर्माणवाद यस मान्तयालाई मान्दैन। विनिर्माणवादले एक प्रकारले हेरिएको कृतिलाई अर्को प्रकारले हेर्ने वा सिर्जना गर्ने मान्यता राख्दछ।यसले कुनै पनि कृतिको शाश्वत रूप नभएर सन्दर्भ एवम् समयसापेक्ष परिवर्तन हुनसक्ने भएकाले  रचनामा विनिर्माण कार्य हुनसक्छभन्ने मान्यता राख्दछ ।विनिर्माणवादका प्रतिपादक ज्याक डेरिडा हुन उनले आफूपूर्वका दार्शनिक तथा चिन्तक नित्से र हाइडेगरबाट विनिर्माणसम्बन्धी चिन्तनको प्रारम्भिक बीज प्राप्त गरेका हुन नित्सेको यस जगत्मा निर्विकल्प सत्य केही छैन तसर्थ कुनै पनि व्याख्या अन्तिम हुन सक्दैन भन्ने धारणा तथा हाइडेगरको  भाषाले वस्तुको प्रकृतिबारे अनेक कुराको बोध गराउँछ भन्ने धारणाबाट प्रभावित भएर उनले विनिर्माणसम्बन्धी चिन्तन प्रस्तुत गरेका हुन् । दृष्टिभिन्नताअनुसार एउटै वस्तु पनि मान्छेको दृष्टि,  हेराइ तथा बुझाइअनुसार फरकफरक हुन्छ भन्ने मान्यता विनिर्माणवादले राख्दछ ।यसैलाई साहित्यिक सिद्धान्तका रूपमा विपठन, सही पठन र विनिर्माणको संज्ञा दिइएको छ । एउटै पाठभित्रका कुराहरू पनि पाठकको बुझाइअनुसार एउटाले उही कुरालाई अर्कै देख्छ भने अर्कोले अर्कै देख्छ । पाठभित्र प्रस्तुत गरिएका कुराहरूका अनेकौं अर्थ लाग्न सक्छन् भन्ने मान्यता विनिर्माणवादले राख्दछ ।विनिर्माणवादीहरूले भाषाबाट नै हरेक व्यवहार गर्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनीहरूका लागि भाषा नै सबथोक हो र भ्रम तथा लीलालाई अझ लीलामय बनाउन भाषाको प्रयोग गरिन्छ । भाषालाई तोडेर, भाँचेर विकृत पारेर त्यसको शक्तिलाई छिन्नभिन्न पारेर संयोजन गर्नु विनिर्माणको शैली हो । बहुलवादमा विश्वास गर्ने विनिर्माणवाद समावेशी प्रकृतिको भएकाले विषयवस्तु, संरचना, पात्र, घटना आदि कुरालाई समेट्दै एक केन्द्रीयवादी विचार हटाएर नवीनकेन्द्र निर्माण गर्न रुचि राख्छ ।केन्द्रलाई अस्वीकार गर्नु, शब्दकेन्द्रवादको विरोध गर्नु, कथ्यकेन्द्रवादको विरोध तथा लेख्यकेन्द्रवादमा जोड दिनु, भाषामा अलङ्कारको महत्तव स्थापना गर्नु, दोहारो पठनप्रक्रियामा जोड दिनु, द्विचरविरोधलाई तोड्नु वा खुकुलो पार्नु, अपव्याख्या र अपपठनसम्बन्धी दृष्टिकोण प्रस्तुत गर्नु, भाषाबाट नै हरेक व्यवहार गर्न सकिने मान्यता राख्नु, शून्यता तथा लीलामा रमाउनु, वैज्ञानिक दाबामा असहमति राख्नु, लेखकको अस्तित्व अस्वीकार गर्दै लेखकीय दावीको विरोध गर्नु, साहित्यिक विधालाई अस्वीकार गर्नु आदि विनिर्माणवादका प्रमुख मान्यताहरू हुन् ।

**विधाभञ्जन**

कुनै साहित्यिक संरचनामा परम्परागत रूपमा स्थापित मान्यताअनुसार विधागत वैशिष्टय सिर्जना गर्ने संरचक घटक र लेखन शैलीको प्रयोग नगर्नु नै विधाभञ्जन हो। उत्तर आधुनिकतावाद तथा विनिर्माणवादले विधा मान्यतालाई पनि  एउटा आधुनिक केन्द्र मान्दै त्यसलाई भत्काउनुपर्ने मान्यता अगाडि सार्दै कुनै पनि विधा स्वतन्त्र विधाका रूपमा नरहने अवधारणा स्थापित गरेको छ ।उत्तरआधुनिकतावादी साहित्यिक सृजनामा विधाविघटन, विधामिश्रण, प्रतिविधाको चासो, क्वाँटीप्रवृत्ति र अपकेन्द्रकता वा बहुकेन्द्रकता आदि प्रवृत्तिको बोलबाला ज्यादा रहेको पाइन्छ (त्रिपाठी, २०६५, पृ.६६२-६६३)। यसले साहित्यिक रचनालाई विधागत आधारमा वर्गीकरण गर्नुभन्दा पनि एउटा पाठ वा कृतिका रूपमा हेर्नुपर्ने ठान्दछरपाठ वा कृतिलाई भाषिक खेलका रूपमा हेर्दछ ।

**विधामिश्रण**

दुई वा दुई भन्दा बढी विधाका विशेषतालाई मिसाएर कुनै कृति वा पाठ निर्माण गरिँदा

अनेक विधा एउटै विधामा अन्तरण भएर आउनु विधामिश्रण हो। कविता, नाटक, आख्यान र निबन्ध गरी चार विधाहरू साहित्यका मौलिक प्रकार हुन् । यीबाहेक अरू प्रकार चाहिँ यिनका भेद अथवा यिनैको मिश्रणबाट उत्पन्न उपभेद हुन् (शर्मा, २०५५, पृ.३६४)। आधुनिकतावाद तथा संरचनावादले कुनै साहित्यिक संरचनाका संरचक घटकको प्रकृति, संरचनामा तिनको संयोजनको स्थिति र लेखनशैलीका कारण साहित्यिक संरचनाले विशिष्टस्वरूप ग्रहण गर्ने हुनाले विधासिद्धान्तलाई स्वीकार गर्दछ तर उत्तरआधुनिकतावाद तथा विनिर्माणवादले विधा सिद्धान्तलाई अस्वीकार गर्दै एउटै पाठमा अनेक विधाका गुणहरूको अन्तर्मिश्रण हुन सक्ने मान्यता राख्दछ । साहित्यका प्रमुख विधाका रूपमा रहेका कविता, नाटक, आख्यान र निबन्धमध्ये कुनै एक विधाका विशेषताहरू प्रधान रूपमा रही त्यसमा गौण रूपमा अरू विधाका विशेषताहरूको समाविष्टिसहित कृतिको रचना हुनु नै विधामिश्रण हो। विधामिश्रण विधाभञ्जनको परिणति हो भने यिनको सैद्धान्तिक आधार विनिर्माणवाद हो। विनिर्माणवादी मान्यताकै आधारमा कृतिको सृजना गर्ने पद्धतिका रूपमा विधामिश्रण रहेको छरयसले साहित्यका प्रमुख विधामध्ये एउटाको विधागत प्रधान्यतामा अन्य गौण विधामिश्रण भई कृतिगत संरचना, अर्थ र शैलीलाई प्रभावित तुल्याउने गर्दछ ।

प्रस्तुत अध्ययनपत्रमा यिनै सैद्धान्तिक मान्यताका आलोकमा सुकरातको डायरी नामक औपन्यासिक कृतिमा विधामिश्रणको अवस्था अन्वीक्षण गरिएको छ ।

## छलफल र विश्लेषण

प्रस्तुत सुकरातको डायरी (२०६८) उत्तरआधुनिक चिन्तनको प्रयोग गरिएको नवीन ढाँचाको औपन्यासिक कृति हो। उत्तरआधुनिकतावादका आलोकमा विनिर्माणवादी चिन्तनले स्थापित गरेका विधामिश्रणसम्बन्धी मान्यतालाई यस कृतिमा आत्मसात गरिएको छ ।प्रस्तुत कृति मूलतः आख्यान हो तर यसभित्र निबन्ध तथा यसका अनेक भेद, समालोचना, नाटक र कविताको मिश्रण भएको छ ।यस अध्ययनमा आख्यानमा अन्य विधाको, मिश्रणले आख्यानको संरचना र अर्थका तहमा पारेको प्रभावका बारेमा तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

### सुकरातको डायरी आख्यानमा निबन्ध र समालोचनाको विधामिश्रण

#### *निबन्धविधाको मिश्रण*

जीवन र जगत्सम्बन्धी लेखकका निजी अनुभूतिको गद्यात्मक प्रस्तुति नै निबन्ध हो। निजात्मकता यसको प्रथम पहिचान हो। यसमा कुनै व्यक्ति, वस्तु, विषय, विचार, घटनाप्रतिको लेखकको वैयकतिक विचार प्रस्तुत भएको हुन्छ ।त्यसैले निबन्ध न्यूनतम सौन्दर्यानुभूति र अधिकतम आग्रह भएको विधा मानिन्छ (शर्मा,२०५५, पृ.३६६)। संरचक घटक प्रकृति तथा ले खन शैलीगत निकटताका कारण नियात्रा, संस्मरण, दैनिकी, जीवनी, आत्मकथा आदिमा पनि निबन्धात्मक अनुशासनीय गुणकै आधिक्यता पाइने हुनाले तिनलाई पनि निबन्धकै उपविधा मान्ने गरिन्छ ।आख्यान र निबन्ध दुवै गद्यमा लेखिने विधा हुनाले यिनका बिचमा विधामिश्रण हुने सम्भावना अलि बढी नै रहेको हुन्छ ।सुकरातको डायरी आख्यानमा आत्मपरक निबन्धका साथै दैनिकी, नियात्रा, संस्मररण, आत्मकथा आदि निबन्धका उपविधाहरूलाई पनि आख्यानका प्रवाहमा मिसाइएको छ ।

सुकरातको डायरी आख्यानमा यसको प्रमुख पात्र सुकरातले जीवन र जगत्सम्बद्ध

आफ्ना अनुभूति प्रस्तुत गर्दा उक्त विचारको प्रवाहमा आत्मपरक निबन्धका अनुशासनीय गुणहरू आख्यानभित्र मिसिएर आएका छन् । आख्यानभित्र आत्मपरक निबन्ध मिश्रण भएर आएको एउटा उदाहरण यसप्रकार छ:

> वार एन्ड पिसमा टोल्सटोइ महान् बोलेका छन्- संसारमा कहीँ पनि युद्धको विज्ञान हुन सक्तैन।म टोल्सटोइबाट प्रभावित छु, म गोर्कीको महान् चेतनाबाट अभिप्रेरित छु- हरिहर खनालद्वारा नेपालीमा अनुदित म्याक्सिम गोर्की (ले.गार्हार्ड ह्याबरमा)मा मैले उनै गोर्की बोलेको सुनेँ- अहिले सम्भवतः अरू कुनै समयमा भन्दा बढी हाम्रा केटाकेटीहरू यो विश्वका लागि सबभन्दा महत्तवपूर्ण र सबभन्दा आवश्यक आशाका केन्द्र हुन् । यो बीभत्स र भयानक युद्धको रक्तपातपूर्ण विकृतिबाट हाम्रा बालबालिकाहरूको हृदय चोखो बनाउनुपर्छ, मानवताप्रतिको आदर र सम्मानलाई हाम्रा शिशुहरूको हृदयमा पुनर्जीवित गराउनुपर्छ। (भट्टाई,२०६८, पृ.३९)
>
> सिर्जना गर्नु कठिन कार्य हो। यस्तो कठिनाइको बारम्बार भोक्ता म सबै सर्जकप्रति अनेकबार नमन गर्दछु - नेपाली वाङ्मयदेखि विश्वसाहित्य सबैतिरका गम्भीर स्रष्टाअघि निहुरन्छु। यो अत्यन्तै कठिन कार्य, यसको दुरुहताको बयान गर्न सक्तिनँ। कोही त्यसलाई प्रसवकालसित तुलना गर्दछन् तर यी स्थिति र अनुभूति कदापि तुलनीय छैनन् । एकातिर प्राणीकोषमा जीवविज्ञानले सुनिश्चित गरेको एउटा अन्तर्जात शार ीरिक प्रक्रिया अर्कातिर परिकल्पनाको सहायताले स्वेच्छ्या विचारको अन्तरतहमा हुने गर्भाधानको अर्को प्रक्रिया। फेरि जीवकोषमा सबै कुरा पूर्वनिर्धारित छन् । त्यहाँ दिन महिना र प्रक्रिया सुनिश्चित छ ।तर सिर्जनाको जगत् र त्यसका प्रक्रिया भिन्न छन् । कसैले केही क्षणको स्फूरणभरि सिर्जनाको गर्भाधान र प्रसवकाल बोध गर्दछन् भने कोही अगणितकालभरि, भनौँ जीवनभरि। मार्सल प्राउस्टले **रिमेम्ब्रन्स अफ थिङ्ज पास्ट** जस्तो कृति सिर्जनामा तिस वर्ष ध्यान गरेका छन् । हाम्रै समयका विलियम ग्यासले पनि द टनेलमा तिस वर्षै लगाए। त्यति लामो गर्भाधान र त्यस्ताबाट गुज्रिनुपर्ने स्थिति केहीसित तुलनीय छैन।(भट्टाई,२०६८, पृ.२६३)

माथि उल्लेख गरिएका साक्ष्यहरूमा निजात्मकताका कारण आख्यानभित्र निबन्धात्मक अनुशासनीय गुणको अन्तर्घुलन हुन पुगेको छ ।आख्यान विधामा आग्रहको मात्र मध्यम रहने भएपनि निबन्धात्मकताले आग्रहको मात्रालाई अधिकतम बनाएदिएको छ ।पहिलो साक्ष्यमा लेखकले बालबालिकाहरू हाम्रो भविष्य भएका तर रक्तपातपूर्ण युद्धको बीभत्सता र भयानकताले तिनीहरूभित्रको मानवतालाई मारिदिएकोले तिनलाईलाई युद्धको विकृतिबाट बचाएर तिनीहरूको हृदयमा मानवताप्रतिको आदर सम्मानलाई पुनर्जीवित गराउनुपर्छ भन्ने लेखकको युद्धविरोधी विचार मुखरित भएको छ ।त्यस्तै दोस्रो साक्ष्यमा साहित्य सिर्जन कार्यलाई गर्भाधान र प्रसवावस्थासँग तुलना गरिने गरिएको भए पनि प्रसवावस्था एक सुनिश्चित प्राकृतिक प्रक्रिया भएको तर साहित्य सिर्जन कार्य सर्जकको परिकल्पनाको उपज हुनाले कठिन र विशिष्ट हुने भाव व्यक्त गरिएको छ ।यसरी आख्यानमा निबन्धको मिश्रणले सर्जकले सम्प्रेषण गर्न खोजेको भाव सशक्त बन्न पुगेको छ ।

दैनिकी लेखनलाई निबन्ध विधाकै एक उपविधाका रूपमा लिइन्छ ।सामान्यतया दैनिकी दिनभरि गरिएका गतिविधिको सुत्नुअघि तयार पारिने विवरण हो तर साहित्यिक

दृष्टिले यसको विशेष  महत्त्व रहेको छरयसमा सोही दिन घटेका घटनामात्र समावेश नगरी विगतका घटनालाई पनि संस्मरणात्मक रूपमा समावेश गरिने प्रचलन रहेको पाइन्छ ।दिनिकी दैनिकी लेख्दा सुरुमा दैनिकी लेखिने दिनको मिति र बार लेखिन्छ अनि लेखकले आफ्ना अनुभूतिहरूलाई सामान्यतया प्रथम पुरुषात्मक कथन पद्धतिमा प्रस्तुत गरेको हुन्छ।यसरी सो दिनका घटनाको सन्दर्भसँग जाडेरवितेको समयमा घटेका घटनालाई पनि समेट्ने काम गरिन्छ।प्रस्तुत आख्यानात्मक कृतिको सुरुवात नै प्रमुख पात्र सुकरातको दैनिकी लेखनबाट भएको छ ।कृति पढ्न थाल्दा पाठक आख्यान पढ्दै छु कि दैनिकी पढ्दै छु भन्ने द्विविधामा पर्ने स्थिति सिर्जना भएको छ ।कृतिमा विषयवस्तुको अधिक अंश समाख्याताले दैनिकी लेखेर नै प्रस्तुत गरेको छरयसले कृतिको नामलाई पनि सार्थक बनाउने काम गरेको छ ।

बैसाख १, सोमबार
नववर्ष २०६४
जीवन र मृत्युको बीचमा अनन्त नै झुन्डिएको देखेँ ; त्यो न यथार्थ थियो, भ्रान्ति । भन्नै नसकी कति समय बितेर गयो ! तिम्रो अनुपस्थिति सर्वत्र सुसाएका बेला आज म फेरि तिम्रो गहिरो सम्झनामा डुबेको छु।
त्यो दिन पुसको चिसो सिरेटोमा ठम्याउन नसकी धुसा ओडेरआवासतिर दौडेको थिएँ। नयाँ बजारको ओरालोमा दुधको गाडी भर्खर उक्लिँदै थियो। दिनहरू कफ्र्युमा थिए, रात पनि कफ्र्युझैँ सुनसान थियो। गडीको प्रकाशले मेरा आखाँ बेस्सरी तिर्मिराएस फेरि सारा अन्धकार देखेँ।(भट्टराई, २०६८, पृ.१)
बैसाख २, मङ्गलबार
त्यो मेरो अर्कै कथा थियो तर अनन्त मैले तिमीलाई नै सम्झिरहेँ, सम्झेर झस्किरहे। उता कालो चिया उम्लिदै थियो; यता मन तिम्रा बोलीहरू सम्झन खोजिरहेकोस तीबाट निस्सृत ध्वनि उच्चारण र सुसङ्गति खोजिरहेकोस तिम्रो पार्थिव शरिर खोजिरहेको, मनले तिमीसित बसेर सत्यपथ खोजिरहेको थिएँ। लामो सङ्गतले तिमी मभित्रै, मसँगै थियौ। तिम्रा जिज्ञासाले अनुपस्थितिमा पनि सम्झनाको अगुल्ठो ठोसिरहन्थ्यो।उपस्थितिभन्दा अनुपस्थिति धेरै अर्थपूर्णरहेछ (भट्टराई, २०६८, पृ.२)

माथि उल्लेख गरिएका साक्ष्यहरूमा दैनिकीमा जस्तै सुरुमा तिथिमिति उल्लेख गरी त्यसपछि प्रथम पुरुषात्मक कथन पद्धतिमा लेखकका अनुभूतिको प्रस्तुतिले गर्दा आख्यानभित्र दैनिकीका अनुशासनीय गुणको समाविष्टि पाइन्छ।यस किसिमको प्रयोगले एकातिर पाठकले फरक विधाको रसस्वादन गर्न पाएको छ भने अर्कातिर यस पद्धतिले प्रस्तुत विषयवस्तु सत्य नै हो कि भन्ने आभास गराएको छ ।दैनिकी शैलीको प्रयोगले सुकरातले अनन्तलाई जीवन र मृत्युका बिचमा झुन्डिएको देखेको र उसैलाई सम्झेर झस्किरहेको स्थितिका माध्यमबाट सम्पूर्ण मानव जाति जीवन र मृत्युका बिचमा झुन्डिए बाँचिरहेको यथार्थतालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

आत्मसंस्मरणलाई पनि निबन्धकै उपविधा मानिन्छ।यसमा आफ्नै जीवनमा अतीतमा घटेका घटनालाई विषयवस्तु बनाएर संस्मरणात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ।यसमा वितेको समयमा घटेका घटनाको वर्णन गरिने हुनाले भूतकालीन क्रियाको प्रयोग गरिएको हुन्छ ।प्रस्तुत आख्यानात्मक कृतिमा आत्मसंस्मरण पनि अन्तर्भूत भएर यसरी आएको पाइन्छ :

> त्यस वर्ष हिउँदमा उनीहरू बसाइँ जाने भए। टाढा कतै मधेस। गाउँघरले, छिमेकीले पालै पालो बोलाउँदै मिठोमसिनो बनाएर खुवाउँदै कोसेलीपात चिनोसित बिदा गर्न थाले। हामीले पनि गर्यौं।
> बसाइँ जाने दिन नजिक आउँदै जाँदा कुनकुन भाँडा बोक्ने, कति लुगाफाटा, खाजा सामल र वस्तुभाउ, कति दिनका लागि कोको पुर्याउन जाने कुरा गाउँभरि चल्यो। शुक्रबारको दिन पूर्णिमा र म सँगै स्कुलबाटघरफर्कियौं। आज उनको अन्तिम दिन थियो। अरू साथीलाई जान दिएर हामी मात्रै पर्खिबस्यौं। उनका हातमा किताब थिए। एउटा कलम भिरेकी। निलो फ्रक र सेतो सर्टमा एउटा स्वेटरपनि। जडो हुन थाल्यो र हामी हिँड्यौं। घरजाने बाटामा सरकसरक हिँडिरह्यौं। आज बोल्ने कुराले मनहरू टम्मै भरिएका थिए।(भट्टराई, २०६८, पृ.१५३)

माथिको साक्ष्य अनन्तको अतीत स्मरणको अंश हो। यसमा बाल्यावस्थादेखिकै साथी पूर्णिमाको परिवार गाउँ छाडेरबसाइँ जान लाग्दाको समयमा पूर्णिमाको परिवारप्रति गाँउले हरूले देखाएको हार्दिकता र एकअर्कालाई अन्तर्मनमा प्रेम गर्ने तर व्यक्त गर्न नसक्ने अनन्त र पूर्णिमाका बिचको सम्बन्धलाई संस्मरणात्मक रूपमा प्रस्तुत गरिएको छ ।संस्मरण जीवनमा घटेका सत्य घटनामा आधारित हुने हुनाले यो आख्यानभित्र अन्तर्घुलन भएर आउँदा यसले आख्यानका घटनालाई विश्वसनीय तथा यथार्थपरक बनाइदिन्छ ।

## समालोचनाको विधामिश्रण

कुनै कृतिका विविध पक्षलाई विषयवस्तु बनाएर त्यसबारे गरिने चर्चा नै समालोचना हो। यसमा कृतिका सबल तथा दुर्बल पक्षमाथि प्रकाश पार्ने कामका साथै कृतिकार कृति र चनाको सन्दर्भसमेतलाई समेटिएको हुन्छ।आख्यानकार गोविन्दराज भट्टराईले सुकरातको डायरी आख्यानमा समालोचनाको विधामिश्रण गरेका छन् । प्रस्तुत आख्यानात्मक कृतिमा विश्वसाहित्यमा चर्चामा रहेका लगभग अढाई सय जति कृतिको प्रसङ्ग प्रस्तुत गरिएको छ भने केही कृतिका बारेमा अलि विस्तृत रूपमै चर्चा गरिएको छ ।यसरी आख्यानात्मक कृतिमा अन्य आख्यानात्मक कृतिकै बारेमा गरिएको टीकाटिप्पणीका माध्यमबाट आख्यानभित्र समालोचना अन्तर्घुलन हुन पुगेको कुरा पुष्टि गर्ने साक्ष्य यसप्रकार रहेको छ :

> भ्लादमिर नबकोभको लोलिता। विश्वउपन्यासको एक अमूल्य कृति मानिन्छ। ...
> लोलिताको आविष्कारक काव्यात्मक शैली र घृणित एवम् विवादास्पद नायकले गर्दा पनि यो विश्वप्रसिद्धछ ।बाह्र वर्षको उमेरदेखि यौन कर्ममा संलग्न हुनु र पछ्याइनु डर लाग्दो कुरा हो तर बिसौं शताब्दीको आख्यानमा लोलिताको स्थान सधैं उच्च रहेको छ ।त्यसैले नै होला यो क्ल्सिकल कृतिमा गनिएको छ। (भट्टराई, २०६८, पृ.५८)
>
> द टनेल विलियम ग्यासले ३० वर्ष लगाएर लेखेको उपन्यास हो। यसले अनेक प्रकार का आलोचना खप्नुपर्‍यो । यसले अनेक प्रशंसा पनि कमायो। कतिले यसलाई अत्यधिक सुन्दर र जटिल कृति पनि भने। कुनै रिभ्युले ता यसलाई यो शताब्दिकै महान् आख्यान पनि भने। यो निर्विवाद रूपले स्विकारिएको एउटा मास्टरपिस हो। आदी उमेर पाकिसके का प्रो. ग्यासले हिटलरकालीन जर्मनीको अपराध र निर्दोषिताको बारेमा लामो अध्ययन पुरा गरिसकेपछि त्यसको इतिहास लेख्नुको सट्टा द टनेल जस्तो आख्यान लेखे।

द टनेल ग्यासको आफ्नै जीवनको  कथा रहेको छ ।यो इतिहासले उत्पन्न गरेको घृणा र दुःखभन्दा माथि भाषिक चमत्कार रहेको छ ।वास्तवमा उनी आफूले गरेको जर्मनीको लामो अध्ययनमाथि भूमिका लेख्न बसेका थिए, त्यसको सट्टा एउटा उपन्यास पुरा गरेर निस्किए।(भट्टराई, २०६८, पृ.२१०)

प्रस्तुत आख्यानात्मक कृतिमा विधामिश्रण भई समालोचकीय अभिवृत्रि् तथा शैलीको अन्तर्घुलन भएको छ ।माथि प्रस्तुत गरिएका साक्ष्यहरूमध्ये पहिलो साक्ष्यमा भ्लादमिर नबकोभको  लोलिता उपन्यासको विषयवस्तु र शैलीका कारण त्यस उपन्यासले पाएको प्रसिद्धबारे चर्चा गरिएको छ ।दोस्रो साक्ष्यमा प्रो। ग्यासले द टनेल कृति लेख्दा तिस वर्ष समय लगाएको लेख्नुपूर्व हिटलरकालीन जर्मनीको लामो अध्ययन गरेको, उपन्यासमा प्रो. ग्यासको आफ्नै जीवनको कथा रहेको र चमत्कारपूर्ण  भाषा प्रयोगका कारणले पनि यो कृति विशेष महत्तवपूर्ण बन्न पुगेको, वास्तवमा इतिहास लेख्न खोज्दा उपन्यास लेखिन पुगेको जस्ता कुराको चर्चा गरेर आख्यानका अनुशासनीय गुणभित्र समालोचनाका अनुशासनीय गुण मिसाउने काम भएको छ ।यस्तो मिश्रणले गर्दा पाठकले एउटा आख्यानात्मक कृति पढ्दा थप अन्य आख्यानात्मक कृतिका बारेमा पनि जानकारी प्राप्त त गर्दछ नै साथै यसले पाठकको समालोचकीय चेतको विकास पनि गरिदिन्छ।यसरी आख्यानकारले प्रस्तुत आख्यानमा अन्य कतिपय आख्यानबारे चर्चा परिचर्चा गरेर आख्यानकाई अधिआख्यान बनाउने काम गरेका छन् ।

## सुकरातको डायरी आख्यानमा नाटक र कविताको विधामिश्रण

### *नाटकको मिश्रण*

नटक मूलतः दृश्य विधा हो। यसमा अनुकरणीयता, प्रेक्षणीयता, संवादात्मकता र मञ्चीयता जस्ता गुणहरू हुन्छन् । यसमा मध्यम सौन्दर्यानुभूति र सामान्य आग्रह रहेको हुन्छ (शर्मा, २०५५, पृ.३६५)।  नाटक अनुकरणप्रधान संवादात्मक संरचना हो। संवादात्मकतालाई आख्यानमा कथोपकथनका रूपमा समावेश गर्ने परम्परा पुरानै भए पनि  गोविन्दराज भट्टराई प्रणीत सुकरातको डायरी उपन्यासमामा त्यसलाई नयाँ रूपमा प्रयोग गरिएको छ । कृतिमा लेखकले कथयिताका माध्यमबाट कथोपकथन प्रस्तुत नगरी पात्रका बिचमा प्रत्यक्ष  रूपमा नै संवाद गराइएको छ । पात्रका कथन  भएको नाटकीय गुणलाई यसप्रकार प्रस्तुत गरिएको छ :

सुकरातः तिम्रो उपन्यास एकातिर धरतीको गीत हुनेछ, तिमी अर्कातिर ननप्लेसेजमा छौ, तिमी भर्चुअल जगत् भर्चुअल स्वरूपमा हिँडेका छौ, कत्रो विरोधाभास छ।दुई अलग जीवन भोगेजस्तो।

अनन्तः  म यहाँ दसैँ आएको र तिहार गएको कुनै सङ्केत पाउँदिन गुरु। न चरा छन् न वनस्पति छन् । न ती मानिस यहाँ छन् न ती क्रियाकलाप छन् । बोटहरू छन्, फुलहरू छन्, खरायो लोखर्के छन्, सबै कृत्रिम वा बन्दी। सबै मानिस र यन्त्र छन् परन्तु आफ्नो केही कोही छैन ।(भट्टराई, २०६८, पृ. १०८/९)

प्रस्तुत साक्ष्यका आधारमा सुकरातको डायरी कृतिमा नाटकमा जस्तै गरी पात्रका बिचमा संवाद बोल्न लगाएर नाटकीयताको उपस्थिति गराइएको छ ।सुकरात र अनन्तका बिचमा उपन्यास लेखनबारे प्रत्यक्ष संवाद भएको पाइन्छ ।अनन्तबाट व्यक्त अतीतानुभूतिका आधारमा सुकरात अनन्त अहिलेको समयमा अस्थानिक अवस्थामा रहे पनि उसको स्मृतिमा

अतीतका स्मरणहरू ताजा रहेकाले उसले ग्रामीण जीवनको जीवन्त चित्र प्रस्तुत गर्दै उपन्यास लेख्न सक्ने कुरामा विश्वस्त छरअनन्तको अहिले भोगिरहेको जीवनप्रतिको असन्तुष्टिले पनि अनन्त अन्ततस् प्राकृतिक जीवनप्रति नै प्रभावित रहेको कुरा पुष्टि हुन्छ।आख्यानमा मध्यम आग्रह र सामान्य सौन्दर्यानुभूति हुन्छ तर नाटकमा सामान्य आग्रह र मध्यम सौन्गर्यानुभूति रहन्छ।आख्यानमा नाटकीय अनुशासनात्मक गुण मिश्रण गर्दा कृतिको सौन्दर्यानुभूतिमा वृद्धि हुनगई सामान्यबाट मध्यम स्तरमा पुगेको छ।प्रस्तुत कृतिमा मञ्च निर्देश सहित रङ्गमञ्चको आयोजना गरेर अभिनेयता, प्रेक्षणीयता, संवादात्मकता र मञ्चीयता जस्ता गुणहरूलाई अन्तर्मिश्रण गरिएको अर्को साक्ष्य यस प्राकार छ :

(दिल्लीबजारस्थित भोजनगृहको एउटा कोठा। माथिल्लो तलाको सुन्दर ठाउँ। सजावटछ, पुराना पेन्टिङ, भित्ता दलिन, कार्पेट, राडीहरू। एउटा टिपकल परिवेश। पुराना गरगहना, भाँडाकुँडा, मकैका झुत्ता, मादल र गुन्द्रीपिरा झुन्डिएको, बसेको, तल मतानमा भकारी, ढिकी, जाँता, एउटी युवती, पछिपछि करिब चालिसको पुरुष पात्र प्रवेश गर्छ। अर्की भर्खरकी विद्यार्थी जस्ती, एउटा पच्चिसतिसे युवक। सबै भित्र पसेपछि पनि एकदुई आवाज ढोकामा सुनिन्छन् । उनीहरू दर्शकतिर फर्केर आआफ्नो नाम बताउँछन्- म नीलिमा, म सुकरात, म पूर्णिमा, म अनन्त ... हाम्रा वास्तविक जीवनका नाम र भूमिका सम्बन्ध र चरित्र अर्थोकै छन् । यो नाटकभरिलाई यिनै नामले चिन्नुहोला। दर्शकवृन्द अब हाम्रो नाटक सुरु हुन्छ । )

सुकरात : हेर्नुस् न यी गुन्द्रीपिरा र मकैका झुत्ताहरू- यो नेपाली संस्कृतिको आदिमता हो। एउटा टिपिकल परिवेश। हामी यसैमा हुर्कियौं। आज यही कुरा खोज्दै भोग्न होइन केवल हेर्न यहाँ आउनु परेको छ ।वासनाका लागि यो भोजनगृहको अवस्थिति र सजावट ।भित्र ता यिनीहरूले प्रेसर कुकर मा वा राइस कुकरमै खाना सिटी लाउँछन्, हामीलाई त्यही दिन्छन्, यहाँ हेर्नुस् न यी ठुलाठुला कसौंडी, यो देख्दा हामीलाई त्यो ढिकीमा, त्यो भकारीका धान कुटेरयो ठुलो कसौंडीमा दाउराले बाल्ने चुलामा पकाएको भ्रान्ति दिन्छन् । जीवन सबै सादृश्यतामा बाँच्दोरहछ, सिम्युलेसनमा, नाटकीकरणमा, केही लोभलाग्दा इलुजनमा। सबै अतीत वासना लिने मात्र रहेछ, केही स्मृतिमा केही दृश्यमा।

अनन्त : हो गुरु, बाहिर अर्कै हावा छ, विषाक्त त यहाँ पसेपछि हामी आदिमतातिर पुग्दछौं। कति शान्त नि यो ठाउँ पनि।

नीलिमा : ठिक छ यतिकोमा खेल्दा हुन्छ । दर्शक उता हलतिर बसिसकेका छन् हामी यसैलाई मञ्च बनाउँछौं। (भट्टराई,२०६८, पृ.२५२-५३)

माथिको साक्ष्यमा सुकरातको डायरी कृतिमा रङ्गमञ्चमा जस्तै मञ्चनिर्देश विधिको प्रयोग गरिएको छ ।पात्रहरूले रङ्गमञ्चमा नाटकका पात्रले अभिनयपूर्व आआफ्नो परिचय दिएजस्तै यहाँ पनि नाटकका पात्रहरूले परिचय दिँदै आआफ्नो भूमिका निर्वाह गर्नतिर लागेका छन् । भोजनगृहको एउटा कोठा, माथिल्लो तलाको सुन्दर ठाउँ, पुराना पेन्टिङ, भित्ता दलिन, कार्पेट, राडीहरू, पुराना गरगहना, भाँडाकुँडा, मकैका झुत्ता, मादल र गुन्द्रीपिरा झुन्डिएको, बसेको, तल मतानमा भकारी, ढिकी, जाँता आदिले नाटकको मञ्चीयतालाई देखाएका छन् । युवती, करिब चालिसको पुरुष, अर्की भर्खरकी विद्यार्थी जस्ती, एउटा पच्चिसतिसे युवक भित्र पसेर

दर्शकतिर फर्केर आआफ्नो नाम बताउने गतिविधिले पात्रले निर्वाह गरेको अभिनयको अवस्था प्रस्तुत गरेको छ ।यसरी यो दृश्य नाटकीय घटना मञ्चन हुने स्थलको रूपमा आएको दे खिन्छरपात्रको संवादका साथ अभिनेयात्मकता देख्न सकिन्छ।यस तथ्यले आख्यानभित्र नाटक विधान्तरण भएर कृतिको सौन्दर्यानुभूतिमा वृद्धि गरिएको कुरा पुष्टि गरेको छ ।यसका साथै यस दृश्यले आख्यानभित्रका पात्रहरूले जसरी आफ्ना वास्तविक नाम, भूमिका र सम्बन्ध फरक रहे पनि नाटकमा फरक भूमिकामा देखिएको कुरा गरेका छन् यही किसिमले मानिसको जीवन पनि बाहिर एक र भित्र अर्कै हुने व्यङ्ग्यार्थ पनि व्यक्त गरेको छ ।

## कविताको मिश्रण

कविता कविका जीवनजगत्सम्बद्ध अनुभूतिको लयात्मक प्रस्तुति हो। लयात्मक्ता कविताको प्रथम पहिचान हो। कवितामा बद्ध वा मुक्त जस्तो स्थितिमा रहे पनि लयको उपस्थिति अनिवार्य मानिन्छ ।लयले नै कवितामा श्रुति माधुर्य सिर्जना गरी यसलाई अन्य विधाबाट पृथक बनाउँछ ।यही कारण कवितामा निम्न आग्रह र अधिकतम सौन्दर्य रहेको हुन्छ (शर्मा, २०५५, पृ.३६५)। उपन्यास गद्यमा जीवनको इतिवृत्तलाई अङ्कन गर्ने आख्यानको एक भे द हो भने कविता मूलतः पद्यमा र गद्यमै भए पनि लयमाधुर्यमा मानवीय अनुभवको क्षण विशे ष, एक खास मनोदशा, जीवनकै एक भाग, जीवनको समग्रता र जीवन सन्दर्भको विराट् तालाई प्रस्तुत गर्ने विधा हो(त्रिपाठी, २०६०, पृ.२०)। गद्यमा लेखिने आख्यान र पद्य लेखिने कविता यी दुई भिन्न पहिचान बोकेका विधा भए पनि आफ्नो आख्यानको सौन्दर्य वृद्धि गर्नका निम्ति आख्यानमा आख्यानकारले कविताको मिश्रण गर्न सक्छ ।प्रस्तुत सुकरातको डायरी उपन्यासमा पनि आख्यानभित्र कविता विधा मिसाउने काम भएको छ ।केही साक्ष्य यस प्रकार छन् :

तिमीले लगाएर आगो, गएपछि
यहाँ पतझरहरू मात्र बलेनन्
सुकेका दाउराहरू मात्र जलेनन्
हरिया रुखका पातहरू गले
अमूल्य जडीबुटीहरू मरे
असङ्ख्य जीवहरू जले
चराका गुँडहरू बले
त्यति मात्र कहाँ हो र !!
नउम्रिने गरी बिरुवा
नफुल्ने गरी फुल,
माटो बाँझो भएर गयो
म र माटो दुवैको हाल उस्तै भयो !! (भट्टराई,२०६८, पृ.१८१)
जीवनभर आर्जन गरेका
ज्ञानका सम्पूर्ण सर्टिफिकेटहरू!
यो राज्यले दिएको
नागरिकताको स्थायी प्रमाणपत्र!
डाक्टरको नबुझिने प्रिस्क्रिप्सन !

बिजुलीको उधारो बिल !
घरको रङ्गविहीन लालपुर्जा !
रविश्वविद्यालयको
धमिलो नियुक्तिपत्र राखेको
टिनको पुरानो बाकसलाई
अलपत्रै छाडेर
कहाँ गयो होला
प्रोफेसर शर्मा?
कहाँ गयो होला? (भट्टराई,२०६८, पृ.१९७-१९८)

माथि उल्लेखित साक्ष्यहरू कवितात्मक गुणले युक्त छन् । गद्य कविता निहित आन्तरिक लयले श्रुति माधुर्यता थपिदिएको छ ।यसरी आख्यानभित्र कविताको मिश्रणले कृतिको सौन्दर्यानुभूति बढाइदिएको छ ।पहिलो साक्ष्यमा पूर्णिमाले बाल्यावस्थाबाटै प्रेम गरेको अनन्तलाई गुमाउनु पर्दाको पीडा प्रस्तुत गरिएको छ ।यसमा पूर्णिमाले अनन्तबिनाको जीवन बाँझो माटो सरह रहेको भाव व्यक्त गरेकी छ ।विशिष्ट विम्बको आयोजना गरी आलङकारिक भाषामा व्यक्त उक्त अभिव्यक्तिले प्रेमी गुमाउनु पर्दाको पीडाको भाव पनि कलात्मक अभिव्यक्तिका कारण सुन्दर बन्न पुगेको छ । त्यस्तै दोस्रो साक्ष्यमा समयको गतिसँग तालमेल मिलाउन नसकेर पलायन हुनुपर्दाको पीडा प्रस्तुत छ ।यसमा प्रोफेसर शर्मालाई युगानुकूल अनुकूलन हुन नसक्नेहरूको प्रतीकका रूपमा प्रयोग गरिएको छ ।हरेक कुराको समयसीमा हुन्छ ।समयसीमा सकिएपछि त्यसको अस्तित्व नै सङ्कटमा पार्छ र अन्ततस् समाप्त हुन्छ ।समयसँगै सत्य पनि  परिवर्न भइरहेको हुन्छ भन्ने भाव यस कविताले व्यक्त गर्न खोजेको छ ।यही कुरलाई सामान्य भाषामा भन्दा बोझिलो हुनसक्थ्यो तर कविताका रूपमा प्रस्तुत गर्दा हृदयसंवेद्य बन्न पुगेको छ ।

## निष्कर्ष

आख्यानकार गोविन्दराज भट्टराई बहुमुखी प्रतिभाका रूपमा चिनिन्छन् । नेपाली साहित्यका फाँटमा उत्तरआधुनिकतालाई स्थापित गर्न अहोरात्र लागिरहेका भट्टराईका पछिल्ला आख्यानात्मक कृतिहरू पनि उत्तरआधुनिकतावादकै आलोकमा संरचित छन् । सुकरातको डायरी उपन्यासमा उत्तरआधुनिकतावादलाई पूर्ण रूपमा आत्मसात गर्न खोजिएको छ ।उत्तर आधुनिकतावादका अनेकौं विशेषताहरू छन् र त्यसमध्ये विद्यामिश्रणको अवधारणा पनि एक हो। यो अवधारणा सैद्धान्तिक रूपमा विनिर्माणवादी दर्शनमा आधारित छ ।सामान्यतया विधामिश्रणमा एउटा विधाभित्र अन्य विधाहरू अस्तित्ववान् हुन्छन् । प्रस्तुत आख्यानात्मक कृतिमा पनि निबन्ध(निबन्धका अन्य उपविधासहित), समालोचना,  नाटक र कविता विधाको मिश्रण गरिएको छ ।उपन्यासलाई उपन्यासभन्दा पनि खुला पाठको रूप दिन खोजिएको छ ।उपन्यासका पात्रहरूको एकअर्कासँगको सम्बन्धका कारण उपन्यासको कथावस्तुले आकार ग्रहण गरेजस्तो देखिए पनि  यस कृतिभित्र रहेको विधागत विविधताका कारण यो कृति एउटा उपन्यासभन्दा पनि पृथक अनुशासनीय विशेषता बोकेका अनेक पाठहरूको सङ्ग्रहझैं लाग्छ ।

## सन्दर्भसामग्री सूची

उप्रेती, सञ्जीव.(२०६८).*सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल।

गौतम, कृष्ण. (२०६१). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन*(दोस्रो संस्क.). साझा प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद. (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृतिविश्लेषणका पद्धति र प्रारूप'. *भृकुटी* (पूर्णाङ्क १०), ३८४-३९८ ।

गौतम, लक्ष्मणप्रसाद. (२०६८). *उत्तरवती नेपाली समालोचना : केही प्रारूप*. पैरवी प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद. (२०७०). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना*(दोस्रो संस्क.). ओ रिएन्टल पब्लिकेसन
हाउस प्रा. लि. ।

चापागाईं, निनु. (२०७३). *पूर्ववाद र सइदेली विचार*. साझा प्रकाशन।

त्रिपाठी, वासुदेव. (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग २ (पाँचौं संस्क.). साझा प्रकाशन।

त्रिपाठी, वासुदेव. (२०६५). *साहित्य-सिद्धान्तः शोध तथा सृजनविधि*. पाठ्यसामग्री पसल।

बराल, ऋषिराज. (२०६७). *मार्क्सवाद र उत्तरआधुनिकतावाद*. साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज. (२०६८). *सुकरातको डायरी*.ओरिएन्टल पब्लिकेसन हाउस प्रा. लि. ।

भट्टराई, गोविन्दराज. (२०६९). *समयबोध र उत्तरआधुनिकता*. ओरिएन्टल पब्लिकेसन हाउस प्रा. लि. ।

भट्टराई, गोविन्दराज. (२०६८). *उत्तरआधुनिक विमर्श* (दोस्रो संस्क.).ओरिएन्टल पब्लिकेसन हाउस प्रा. लि. ।

शर्मा, मोहनराज. (२०५५). *समकालीन समालोचनाः सिद्धान्त र प्रयोग*. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।